लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email:** akcbanke@gmail.com
**Website:** akcbanke.lumbini.gov.np

पत्र संख्याः २०८२/८३
च.नं.:

सूचना नं.- ०३/०८२-८३

## कृषि विकास कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०८२/०७/३० गते)

कार्यालयको आ.व. २०८२/०८३ को वार्षिक स्विकृत कार्यक्रम अनुसार कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ मा भएको व्यवस्था बमोजिम तपशिल अनुसारको कार्यक्रममा सहभागी हुन इच्छुक बाँके जिल्ला भित्रका कार्यक्रम अनुसारका योग्य आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८२/०८/२० गते कार्यालय समयभित्र) तपशिलका आवश्यक कागजातहरु सहित खामबन्दी प्रस्ताव यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, प्रस्तावको अनुसूचि र कार्यविधि सम्बन्धी विवरण कार्यालयको website:- https://akcbanke.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश नहुने बेहोरा समेत जानकारी गराईन्छ। साथै उल्लेखित कार्यक्रममा विनियोजित बजेट संसोधन वा कट्टा भएमा सोहि अनुसार हुने बेहोरा समेत अनुरोध छ।

तपशिल:

| क स | कार्यक्रमको नाम | संञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संञ्चालन हुने क्षेत्र | अनुदान सिमा रकम/ प्रतिशत |
|---|---|---|---|---|---|
| १ | लक्षित वर्ग विशेष आयआर्जन कार्यक्रम (महिला, दलित, जनजाती, मधेसी आदी) | बाली/वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी क्रियाकलापमा सहयोग,<br>साना पूर्वाधार (टनेल, नर्सरी, गुमोज आदि),<br>तालिम तथा सचेतना । | कार्यालयले उपयुक्त स्थान छनोट गरी लक्षित समुदायको मागको आधारमा क्रियाकलाप पहिचान गर्नुपर्ने,<br>लक्षित वर्ग विशेष आर्थिक रूपमा विपन्न मुक्त कमैया/ कम्लहरी, भूमिहीन, मुसहर, चिडीमार, पासी, मंगता, नटुवा, गडरिया, वादी, बोटे, माझी, किङ्गरिया, कुचबन्धिया, खुना, कुमाल, सोनहा, विपन्न दलित, राजी, चमार, डोम, महिला, दलित, जनजाती, मधेसी समुदाय आदि सिमान्तकृत वर्गलाई प्राथमिकता दिनुपर्ने,<br>लक्षित समुदायमा कम्तीमा १५ घरधुरी समावेश गरी कार्यक्रम सञ्चालन हुनुपर्ने, | जिल्ला भरी | कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने,<br>प्रति परिवार अधिकतम रु. दश हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सक्नेछ । |

२०८२/०७/३०

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)

CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

पत्र संख्या: २०८२/८३
च.नं.:

| | | | | | |
|---|---|---|---|---|---|
| २ | बगैंचा सुदृढीकरण/नयाँ बगैंचा स्थापना कार्यक्रम | बगैंचाको सुदृढीकरणका लागि आवश्यक औजार/उपकरण खरिद,<br>नयाँ बगैंचाको हकमा बिरुवा खाडल मल तथा सिंचाई व्यवस्थापनमा सहयोग गर्न सकिनेछ ।<br>सिंचाइ सामग्री तथा उपकरण खरिद,<br>फल कुहाउने औंसा (Fruit fly) को लागि ल्यूर र पासो तथा अन्य रोगकिराको व्यवस्थापन,<br>पासो, मोहिनी पासो र ल्यूर, विषादी, एप्रोन, पन्जा, मास्क, Stem paste आदि खरिद,<br>स्थलगत प्राविधिक तालिम तथा अभिमूखीकरण,<br>कार्यालयले फलफूल बगैंचा काँटछाँट, रोग निदान तथा अन्य व्यवस्थापनमा सहयोगका गतिविधि सञ्चालन गर्नुपर्ने। | कार्यालयले सुधार गर्नुपर्ने उपयुक्त बगैंचाको छनोट गरी कार्यक्रम सञ्चालन गर्ने.<br>नयाँ बगैंचा स्थापना तथा पुराना बगैंचा व्यवस्थापनको लागी कम्तीमा फलफूल ०.५ हे./कफी ०.२५ हे. मा सञ्चालन हुनुपर्ने.<br>सुदृढिकरण कार्यका लागी कार्यालयले आवश्यक्ताअनुसार सञ्चालन गर्न सक्नेछ.<br>कार्यालयले फलफूल बगैंचाको उत्पादकत्व वृद्धि गर्न काँटछाँट, रोग निदान तथा अन्य व्यवस्थापनमा सहयोगका गतिविधि सञ्चालन गर्नुपर्ने। | जिल्ला भरी | कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी प्रति कार्यक्रम अधिकतम रु. पचास हजार खर्च गर्न सक्ने। नयाँ बगैंचाको लागी प्रति हेक्टर अधिकतम रु एक लाख खर्च गर्न सक्ने, स्थलगत प्राविधिक तालिम तथा अभिमूखीकरणमा प्रति कार्यक्रम अधिकतम रु. पाँच हजारसम्म खर्च गर्न सकिने । |
| ३ | कृषि उपजको बजारीकरणमा सहयोग | स्थानीय उत्पादनको संकलन, प्याकेजिङ्ग, ग्रेडिङ्ग र बजारीकरण सामग्रीमा सहयोग,<br>बजार विकासका उपकरण, ठेला, अटो रिक्सा आदि। | कृषक/फर्म/कम्पनी/कृषकसमूह/कृषि सहकारी/बजार व्यवस्थापन समितिलाई बजारीकरणका कार्यक्रम कार्ययोजना सहित प्रस्ताव माग गरी छनौट गर्नु पर्ने.<br>आफ्नो उत्पादन प्रशोधन र बजारीकरण गर्नेलाई प्राथमिकता दिन सकिने ।<br>तरकारीको बजारीकरणलाई प्राथमिकता दिने । | जिल्ला भरी | प्रति अनुदानग्राही रु. एक लाखमा नबढ्ने गरी कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग । |
| ४ | पकेट क्षेत्र विशेष स्वस्थ कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम | प्राङ्गारिक उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, लेवलिङ्ग, बजारीकरण, प्रमाणीकरणसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्ने,<br>क्षमता अभिवृद्धि/तालिम, सचेतना, प्रचार प्रसार, प्रदर्शनी भकारो सुधार/मलखाद सुधार, प्राङ्गारिक मल उत्पादन, जैविक विषादी, | कार्यालयले उपयुक्त स्थान छनोट गर्ने.<br>कृषक/फर्म/समूह/कृषि सहकारी/समितिको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने.<br>औपचारिक संस्था नभएमा कम्तीमा १५ घरधुरी समेटी कार्यक्रम सञ्चालन गर्न सकिने । | जिल्ला भरी | कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम संचालन गर्ने प्रति आयोजना अधिकतम रु. एक लाख सम्म खर्च गर्न सकिने |

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (प्रथम)
२०८२/०८/३०

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
बाँके

पत्र संख्या: २०८२/८३
च.नं.:

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| | | पासोहरु, औजार उपकरण आदी उपलब्ध गराउने । | | | |
| ५ | स्कूल हर्टिकल्चर कार्यक्रम | कार्यालयबाट छनोट भएको विद्यालयमा तपसिलका क्रियाकलापहरु सञ्चालन गर्न सकिने, अभिमूखीकरण/तालिम/जन चेतना अभिवृद्धी, विद्यार्थीलाई श्रमसँग जोड्ने क्रियाकलापहरु जस्तै: प्राङ्गारिक मल प्रदर्शनी, तरकारी खेती प्रदर्शन, प्लाष्टिक गुमोज, बिरुवा रोपण, बगैंचा स्थापना, च्याउ आदीसँग सम्वन्धित उत्पादन समाग्री र उपकरणहरु, विद्यालयले सञ्चालित कार्यक्रमको उपलब्धिमूलक प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्ने। | कार्यालयले कम्तिमा १० कक्षासम्म अध्यापन गराउने उपयूक्त सरकारी विद्यालयहरु छनोट गरी कार्यक्रम संचालन गर्नुपर्ने. विद्यालय छनोटका लागि उपलब्ध क्षेत्रफल, स्रोत तथा प्राविधिक उपयुक्ततालाई आधार लिने । | जिल्ला भरी | कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम संचालन गर्ने प्रति विद्यालय अधिकतम रु. एक लाख सम्म खर्च गर्न सकिने |
| ६ | बीउ आलुको ढुवानी, बोरा तथा शीत भण्डार शुल्कमा सहयोग कार्यक्रम | शित भण्डारण शुल्क सहयोग, बीउ ढुवानी बोरा खरिद | कृषक/फर्म/कम्पनी कृषक समूह/कृषि सहकारीले आलु बीउ उत्पादन गरी शीत भण्डारमा भण्डारण गरेको हुनुपर्ने, बोरा छपाईको हकमा आर्थिक वर्ष उल्लेख गर्नुपर्ने। माग अनुसार शीत भण्डार शुल्कमा मात्र समेत सहयोग गर्न सकिने। कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीले बीउ आलु उत्पादन योजना सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने वा जानकारी दिनुपर्ने । | जिल्ला भरी | बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| ७ | सिंचित क्षेत्र लक्षित बाली सघनता वृद्दि कार्यक्रम (बसन्ते गो.) | कार्यालयले आवश्यकता अनुसार सेवा प्रवाहका लागि देहाय अनुसारका क्रियाकलापहरू आवश्यकता अनुसार सञ्चालन गर्न सकिनेछ । बीउ बिजन, बेर्ना, नर्सरी, सुक्ष्म तत्व, तथा अन्य उत्पादन सामग्रीहरूमा सहयोग, बाली कटानी, कृषि प्रविधि प्रर्दशन, साना यन्त्र उपकरणहरु | कार्यालयले बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध भएको स्थानमा फर्म/कम्पनी/जल उपभोक्ता समिति/कृषक समूह/कृषि सहकारीसँगको समन्वयमा तोकिएको बालीमा उपयुक्त बाली चक्र मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने. छनोट भएको क्षेत्रमा कम्तीमा २.५ हेक्टर क्षेत्रफल ओगट्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने. कार्यक्रम सञ्चालनबाट हालको बाली सघनता वृद्धि गर्न हिउँदे वा बसन्ते बाली | जिल्ला भरी | कार्यालयले लागत अनुमान स्वीकृत गरी प्रति हेक्टर रु. बिस हजारसम्म खर्च गर्न सक्ने, अभिमूखीकरण/क्षमता विकासका कार्यका लागि विनियोजित बजेटको अधिकतम ५ प्रतिशतसम्म खर्च गर्न सकिने । |

डा. विनोद घिमिरे
वरिष्ठ कृषि प्रसार अधिकृत (नवौं तह)

CS CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

पत्र संख्याः २०८२/८३
च.नं.:

| | | | | | |
|---|---|---|---|---|---|
| | | अभिमूखिकरण/क्षमता विकासका कार्यहरु । | (चैते धान, हिउँदे/बसन्ते मकै, तरकारी, मसुरो, मुङ्ग, चना, सूर्यमुखी) लाई प्राथमिकता दिई भूगोल र हावापानी अनुसार उपयुक्त बालीहरू छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने । | | |

<u>संलग्न गर्नु पर्ने कागजातहरू:</u>

१. प्रस्तावकको निवेदन (अनुसूचि २३ बमोजिम)।

२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।

३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि।

४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।

५. कार्यक्रम संचालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूचि २४ बमोजिम) तथा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि र जग्गाको हालसालै तिरो तिरेको रसिद।

६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

७. प्रस्ताब माग गर्न गरिएको निर्णयको प्रतिलिपि (समूह/सहकारी)।

८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।

९. पूर्वाधार निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष अवधिको करारको पत्र तथा जग्गाको तिरो तिरेको रसिद।

पुनश्चः

१.प्रस्ताव पेश गर्ने अन्तिम दिन बिदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिनमा पेश गर्नु पर्ने छ।

२. कार्यक्रम अन्तर्गत संञ्चालन गर्न सकिने क्रियाकलापहरु, मापदण्ड, अनुदानको सिमा सम्बन्धी विस्तृत जानकारीका लागि कार्यालयको फोन नः- ०८१५३००२७, सूचना अधिकारीको सम्पर्क नंः- ९८५८०७०२२५ मा सम्पर्क गर्न सक्नुहुने छ ।कार्यविधि र सूचना सम्वन्धी विस्तृत विवरण कार्यालयको website:- https://akcbanke.lumbini.gov.np मा हेर्न सकिने छ ।

२०८२/०६/३०

डा. विनोद घिमिरे
का... प्रमुख
कृषि-अर्थ...

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
**Email**: akcbanke@gmail.com
**Website**: akcbanke.lumbini.gov.np

पत्र संख्या: २०८२/८३
च.नं.: १६५

मितिः २०८२/०७/३०

विषयः सूचना टास गरि सोको जानकारी उपलब्ध गराइदिने बारे ।

श्री नेपालगंज उप-महानगरपालिका, नेपालगंज, बाँके
श्री कोहलपुर नगरपालिका, कोहलपुर, बाँके
श्री खजुरा गाउँपालिका, खजुरा, बाँके
श्री राप्तिसोनारी गाउँपालिका, अगैया, बाँके
श्री बैजनाथ गाउँपालिका, रामपुर , बाँके
श्री डुडुवा गाउँपालिका, बनकट्टी, बाँके
श्री नरैनापुर गाउँपालिका, नरैनापुर, बाँके
श्री जानकी गाउँपालिका, मानपुर, -बाँके
श्री राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन इकाई, बर्दिया र बाँके

उपर्युक्त सम्बन्धमा यस केन्द्रको आ.व. २०८२/०८३ को वार्षिक स्विकृत कार्यक्रम अनुसार मिति २०८२/०७/३० गते प्रकाशित यसै पत्रसाथ संलग्न २१ दिने सूचना तहाँ कार्यालयको जानकारीका लागि पठाईएको छ। सो सुचना सुचना पाटिमा टास गरिदिने साथै लक्षित वर्गसम्मलाई जानकारी गराईदिने कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ ।

२०८२/०७/३०
डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)

<u>बोधार्थः</u>
श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल
श्री कृषि विकास निर्देशनालय,
बुटवल, नेपाल ।

CamScanner